"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३
( प्रशासन शाखा )

सुचना नं. :

**दोस्रो पटक प्रकाशित सूचनाःमिति २०८२।११।२९ गते**
**सिपमुलक तालिम सञ्चालन प्रयोजनको लागि प्रस्ताव मागको सुचना**

अपाङ्गता भएका व्यक्ति वा परिवारलाई उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक सीप तथा स्रोत उपलब्ध गराई आत्मनिर्भर बनाउने उद्देश्यले **कनकाई नगरपालिका**, **सामाजिक विकास मन्त्रालय** तथा **करुणा फाउन्डेशन नेपाल** बीचको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन भइरहेको *अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम* अन्तर्गत देहाय बमोजिमका सीपमूलक तालिम सञ्चालन गर्न इच्छुक, दर्ता प्राप्त तथा अनुभवी सेवा प्रदायक फर्म/संस्थाबाट सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र प्रस्ताव पेश गर्न सूचना आह्वान गरिन्छ।

**सञ्चालन गरिने तालिम विवरण**

| क्र.सं. | तालिमको नाम | संख्या |
|---|---|---|
| १ | ब्युटिशियन (Basic) | ११ जना |
| २ | सिलाई कटाई (Basic) | १२ जना |
| ३ | हेयर कटिङ्ग (Basic) | ५ जना |

**प्रस्ताव पेश गर्न आवश्यक न्यूनतम योग्यता**

१. सम्बन्धित निकायमा विधिवत दर्ता भएको फर्म/संस्था हुनु पर्ने।
२. भ्याट दर्ता प्रमाणपत्र
३. कर चुक्ता प्रमाणपत्र अद्यावधिक भएको हुनुपर्ने।
४. दक्ष प्रशिक्षक र आवश्यक तालिम सामग्री तथा पूर्वाधार उपलब्ध गराउन सक्ने।
५. समावेशी तथा अपाङ्गता मैत्री तालिम सञ्चालन गर्न सक्षम भएको।

**प्रस्तावमा समावेश गर्नुपर्ने कागजात**

क) दर्ता प्रमाणपत्रको प्रतिलिपि
ख) भ्याट प्रमाणपत्र
ग) कर चुक्ता प्रमाणपत्र आ व २०८१।८२
घ) संस्थाको प्रोफाइल
ङ) अनुभव विवरण
च) तालिम कार्ययोजना तथा लागत प्रस्ताव

**प्रस्ताव पेश गर्ने अन्तिम मिति र स्थानः**

कनकाई नगरपालिका कार्यालयमा मिति २०८२।१२।०५ गते सम्म शिलबन्दी गरि पेश गर्नुपर्नेछ । प्राप्त प्रस्तावहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम मूल्याङ्कन गरी सेवा प्रदायक छनोट गरिनेछ। थप जानकारीका लागि कनकाई नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

क्षेत्रनाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्क व्यक्ति**
तुलसा थापा
अधिकृत छैटौ